प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## प्राविधिक एस.एल.सी.तर्फ (१२+६) र (१५+३) तहमा सञ्चालित विभिन्न कार्यक्रमको प्रशिक्षार्थी रजिष्ट्रेशन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना !!!

(सूचना प्रकाशित मिति : २०७५/०८/०२ गते)

यस परिषद्का प्राविधिक एस.एल.सी.तर्फ आंगिक, परिषद्बाट सम्बन्धन प्राप्त निजी तथा साझेदारी को रुपमा संचालित शिक्षण संस्थाहरु एवं सामुदायिक माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुको शैक्षिक शत्र २०७५/०७६ का लागि परिषद्ले लिईएको प्रवेश परीक्षाबाट उत्तीर्ण भै भर्ना भएका प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन फाराम निम्न शर्तको अधिनमा रहि सम्वन्धित शिक्षण संस्थाहरुले तपशिलमा उल्लेखित स्थानहरुमा तोकिएको वैक खातामा रकम जम्मा गरिएको वैंक भौचर सहित बुझाउनु हुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शर्तहरु:

१. परिषद्बाट स्वीकृत कोटा र कार्यक्रम अनुसारको प्रशिक्षार्थीहरुबाट रजिष्ट्रेशन फाराम (CTEVT को Web site मा राखिएको) भराई फारामसाथ प्रशिक्षार्थीको विषयगत समष्टिगत सिट (CTEVT को Web site मा राखिएको) Alphabetic order मा उल्लेख गरी समष्टिगत सिटको Hard copy र Soft Copy (CD) एक/एक थान तोकिएको सम्वन्धित क्षेत्रीय कार्यालय र परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा वुझाउनुपर्ने छ । साथै रजिष्ट्रेशन फाराम साथ प्रवेश परीक्षाको नतिजाको प्रमाणित फोटोकपी संलग्न हुनु पर्नेछ । भरिएका रजिष्ट्रेशन फाराम अनिवार्य रुपमा Plastic Coated Index File मा राखि पेश गर्नु पर्ने छ । अन्यथा प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन अर्धकट्टी उपलव्ध गराईने छैन ।

२. रजिष्ट्रेशन फारामको माथिल्लो भागमा दायां पट्टिको कोठाभित्र प्रशिक्षार्थीको प्रवेश परीक्षाको नतिजा सूचिको क्रमसंख्या/पास गरेको कार्यक्रम साथै अन्य विवरण अनिवार्य भर्नुपर्ने छ । अन्यथा उक्त विवरण नभरीएका प्रशिक्षार्थीको रजिष्ट्रेशन अर्धकट्टी उपलव्ध गराईने छैन ।

३. फारामसाथ सम्वन्धित प्रशिक्षार्थीको एस.एल.सी. को लव्धांक पत्र,चारित्रिक प्रमाणपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि क्रमैसंग संलग्न हुनुपर्नेछ ।

४. नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरह उतीर्ण हुनेहरुको हकमा वोर्डको प्रमाणपत्र, लव्धाकपत्र, चारित्रिक प्रमाणपत्र, माइग्रेशन प्रमाणपत्र, समकक्षता प्रमाणपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि क्रमैसंग पेश हुनु पर्नेछ ।

५ सम्वन्धित शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी सोहि शिक्षण सस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तिर्ण गरेको संक्कल प्रवेश पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ ।

६. कुनै एक शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी अर्को शिक्षण संस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तिर्ण गरेको नतिजाको फोटोकपी, प्रवेश परीक्षाको संक्कल प्रवेश पत्र र सम्वन्धित शिक्षण संस्थाको सहमति पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ ।

७. सम्वन्धित शिक्षण संस्थाहरुले परिषद् अन्तर्गत परीक्षा नियन्त्रण कार्यालय सानोठिमी ,भक्तपुर तथा तोकिएको सम्वन्धित क्षेत्रीय कार्यालयमा रजिष्ट्रेशन फाराम दर्ता गराई वुझाउनु पर्नेछ । अन्यथा त्यसको जवाफदेही संबन्धित शिक्षण संस्थानै हुनेछ ।

८. सम्वन्धित शिक्षण संस्थाले विषयगत रुपमा प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन फाराममा एक प्रति फोटो टाँस गरी फाराम भराईसकेपछि प.नि.का ले तोकेको (CTEVT को Web site मा राखिएको) समष्टिगत सिटमा निजहरुको विवरणका साथ सोहि सिटमा फोटो भनि तोकिएको कोलुममा (Column) सम्वन्धित प्रशिक्षार्थीको फोटो स्क्यानीङ (scaning) गरी राख्नुपर्नेछ । अन्यथा रजिष्ट्रेशन फाराम वुझिने छैन ।

९. सम्वन्धित शिक्षण संस्थाले प्रशिक्षार्थीहरुको शैक्षिक शत्र २०७५/०७६ को लागि भर्ना प्रकृया सम्वन्धमा मिति २०७५।०३।१९ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित प्राविधिक एस.एल.सी. तर्फ छात्रवृत्ति तथा पुर्ण शुल्किय भर्ना गर्न प्रवेश परीक्षा सञ्चालका लागि आवेदन फाराम भर्ने सम्वन्धि सूचनाको ८ नं को शिक्षण संस्थालाई भर्ना सम्वन्धि निर्देशनको वुदा नं ६,७,८,९,१० मा उल्लेख गरीएको परिधिभित्र रहेर गर्नुपर्ने छ । अन्यथा प्रकृया नपुगि भर्ना गरीएका प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन हुने छैन । साथै त्यस्ता प्रशिक्षार्थीहरुको जिम्मेवारी सम्वन्धित शिक्षण संस्थानै हुनेछ ।

१०. सम्वन्धित शिक्षण संस्थाले शैक्षिक सत्र २०७५/०७६ को लागि संस्था नविकरण गरेको प्रमाणको प्रतिलिपि फाराम साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । साथै नयां संस्था सम्वन्धन तथा थप नयाँ कार्यक्रम पाएका शिक्षण संस्थाहरुको हकमा परिषद्को स्तर निर्धारण महाशाखाले उपलव्ध गराएको संस्था सम्वन्धन पत्र तथा नयां कार्यक्रम थपको पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । अन्यथा रजिष्ट्रेशन फाराम वुझिने छैन ।

११. तोकिएको मिति भित्र रजिष्ट्रेशन फाराम नवुझाउने शिक्षण संस्थाहरुलाई परिषद्,प.नि.का.को विनियमावली अनुसार कारवाहि गरीने छ ।

१२. रजिष्ट्रेशन फाराम साथ सम्बन्धित शिक्षण संस्थाहरुले परिषद्को आर्थिक विनियमावलीको अनुसुची २१ (क) विनियम १३६ को उप- विनियम २ अनुसार प्रति प्रशिक्षार्थी संस्थागत विकास शुल्क रु.५००।-(पांचसय) र रजिष्ट्रेशन शूल्क रु.५००।- (पांचसय) गरि नियमित शूल्क प्रति प्रशिक्षार्थी जम्मा रु १०००।-(एक हजार) र विलम्व शूल्क वापतको थप रकम रु १०००। -(एक हजार ) समेत प्रति प्रशिक्षार्थी रु २०००।-(दुई हजार) तथा CTEVT वाट अनुदान प्राप्त गरि TECS कार्यक्रम संचालन गर्ने शिक्षण संस्था/विद्यालयहरुले प्रति प्रशिक्षार्थी रु.५००।-(पांच सय) का दरले रजिष्ट्रेशन शूल्क र विलम्व शूल्क वापतको थप रकम रु ५००।- ( पांच सय ) समेत प्रति प्रशिक्षार्थी जम्मा रु १०००।- (एक हजार) रजिष्ट्रेशन शूल्क वुझाउनु पर्ने छ । CTEVT वाट अनुदान प्राप्त गरि TECS कार्यक्रम संचालन गर्ने शिक्षण संस्था/विद्यालयको हकमा भने संस्थागत विकाश शूल्क लाग्ने छैन, तर आफ्नै निजी श्रोतबाट TECS कार्यक्रम संचालन गर्ने शिक्षण संस्था/विद्यालयको हकमा नियमित रजिष्ट्रेशन शूल्क वापत प्रति पशिक्षार्थी रु १०००।-(एक हजार) र विलम्व शूल्क वापतको थप रकम रु १०००।- (एक हजार) समेत प्रति प्रशिक्षार्थी जम्मा रु २०००।-(दूई हजार) रजिष्ट्रेशन शूल्क रकम रजिष्ट्रेशन फाराम साथ एकमुष्ट रकम तपशिलको फाराम वुझाउने क्षेत्रको रा.वा. बैंक शाखामा रहेको वैक खातामा रकम जम्मा गरेको रसिद संलग्न गरी वुझाउनु पर्नेछ ।

तपशिल:

| क्र.सं | शिक्षण संस्थाले फाराम वुझाउने स्थान | शिक्षण संस्थाले रजिष्ट्रेशन शूल्क जम्मा गर्ने वैक खाता नं | कैफियत |
|---|---|---|---|
| १ | परिषद् ,परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | रा.वा.वैंक सानोठिमी,भक्तपुर शाखाको च.हि.नं १७३०००००११०१ | |
| २ | पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर,वांके | रा.वा.बैक कोहलपुर शाखाको च.हि.न ४२८००००९१९०१ | |
| ३ | मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवन | रा.वा.बैक भरतपुर शाखाको च.हि.नं १३१०००६६७१०१ | |
| ४ | पूर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी,सुनसरी | रा.वा. बैक ईटहरी शाखाको च.हि.न २५५०००१२७८०१ | |

१३. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फाराम तथा रजिष्ट्रेशन शूल्क वुझाउने मिति :–

- * नियमित तर्फ प्रशिक्षार्थीले सम्वन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम वुझाउने मिति :– २०७५/०८/०२ देखि २०७५/०८/२० गते सम्म ।
- * शिक्षण संस्थाले नियमित तर्फको रजिष्ट्रेशन शूल्क वैक दाखिला गर्ने अन्तिम मिति :– २०७५/०८/२१ गते भित्र ।
- * विलम्व शूल्कमा शिक्षण संस्थाले रजिष्ट्रेशन फाराम वुझ्ने मिति :– ०७५/०८/२२ देखि २०७५/०९/१४ गते भित्र सम्म ।
- * शिक्षण संस्थाले विलम्व शूल्क वैंक दाखिला गर्ने अन्तिम मिति :–२०७५/०९/१५ गते भित्र ।

१४. अन्य विस्तृत जानकारीको लागि परिषद्को परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन शाखा तथा सम्वन्धित क्षेत्रीय कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

नोट:- CTEVT को website (www.ctevt.org.np) मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक